नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

# जलश्रोत तथा सिंचाइ विभाग
# प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना
## लमही, दाङ



आ.ब. ०७५/७६ को

# बार्षिक प्रगति प्रतिवेदन






श्रावण, २०७६

## आयोजनाको परिचय

यस प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना दाङ जिल्लाको देउखुरी उपत्यका स्थित प्रगन्ना कुलो सिंचाइ प्रणाली तथा बड्कापथ सिंचाइ योजनाको सिंचाइ नहर तथा संरचनाहरुको निर्माणार्थ स्थापना भएको आयोजना हो । यस आयोजनाको कार्यालय दाङ जिल्लाको लमहीमा अवस्थित रहेको छ । यस आयोजनाको कार्यक्षेत्र अन्तर्गत पर्ने यी दुइ वटा सिंचाइ योजनाहरुको संक्षिप्त विवरण यस प्रकार रहेका छन् :

## बड्कापथ सिंचाइ योजना

यस बड्कापथ सिंचाइ प्रणालीले दाङ जिल्ला अन्तर्गत देउखुरी उपत्यकाको गढवा गाउँ पालिका अवस्थित ४००० हे. क्षेत्रफल जमिनमा सिंचाइ सेवा पुऱ्याउदछ । यस प्रणालीबाट ७००० घर परिवारका करिव ३८००० जनसंख्या लाभान्वित हुन्छन् । रापती नदीको पानिलाई ३० कि.मि. लम्वाइको एक वटा मुलनहर, १३ वटा शाखा नहर र ५३ वटा प्रशाखा नहरहरु मार्फत सम्पुर्ण कमाण्ड क्षेत्रमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष राखिएको छ । यस प्रणालीलाई व्यवस्थित रुपवाट संचालन गर्न तथा उपभोक्ताहरुको सहभागिता सुनिश्चित गर्न एक वटा मुल समन्वय समिति, ३ वटा मुल समिति तथा २६ वटा कुलोपानि समितिहरु गठन भएका छन् । यो योजना हाल निर्माणधिन चरणमा रहेको छ । यस आ.ब. सम्ममा यस योजनाको भौतिक प्रगति करिव २५ प्रतिशत रहेको छ ।




## प्रगन्ना कुलो सिंचाइ प्रणाली

यस प्रगन्ना कुलो सिंचाइ प्रणालीले दाङ जिल्ला देउखुरी उपत्यकाको लमही नगरपालिका र रापती गाउँ पालिकाको ५८०० हे. क्षेत्रफल जमिनमा सिंचाइ सेवा पुऱ्याउदछ । तीन वटा इनटेक मार्फत

पानि ल्याइ विभिन्न नहर तथा संरचनाहरु मार्फत यस प्रणालीले सिंचाइ सेवा पुऱ्याउदै आइरहेको छ । यस प्रणालीको निमाण कार्य वि सं. २०६४ मा सम्पन्न भएको भएता पनि थप र सुधार विस्तारका कार्यहरु गर्नु पर्ने अवस्था देखिएको छ ।

यस प्रणाली तर्फ यस आयोजनाले मुख्य गरी कमाण्ड क्षेत्र संरक्षणको कार्य र अत्यावश्यक स्थानमा उपभोक्ताको माग वमोजिम अन्य कार्यहरु गर्दै आएको छ । नहर सुधार विस्तारको लागि अध्ययन र निर्माण कार्यको मुख्य जिम्मेवारी व्यवस्थापन डिभिजनले गर्दै आएको छ ।

## यस आर्थिक बर्षमा भएका प्रमुख क्रियाकलापहरु

### १) जल उपभोक्ता संस्थाको संस्थागत बिकास कार्यहरु

**क) भ्रमण कार्यक्रमः बड्कापथ** सिंचाइ योजना तथा यसको प्रगतिको वारेमा कृषक उपभोक्ताहरुलाई जानकारी उपलव्ध गराउन योजना स्थालमा २६ वटा कुलो पानि समितिका ५५ जना सदश्यहरुलाई स्थलगत भ्रमण गराइयो । आयोजनामा प्रस्तावित संरचनाहरु तथा कार्य प्रगतिको वारेमा छलफल तथा जानकारी गराइयो । यस भ्रमणले सहभागीहरुलाई उत्साहित बनाएको र उपभोक्ताको दायित्वहरु निर्वाह गर्नको लागि थप प्रेरणा प्रदान गरेको पाइयो ।





**ख) तालिम कार्यक्रमः** जल उपभोक्ता संस्थाको मुल समन्वय समिति तथा हाल नहर निर्माण भइरहेका क्षेत्रका कुलोपानि समितिका पदाधिकारीहरुको लागि दुइ दिने संस्थागत विकास तालिम लमहीमा संचालन गरियो । यस तालिममा २२ जना प्रशिक्षार्थिहरुको सहभागिता रहेको थियो । तालिममा जल उपभोक्ता संस्थाका काम, कर्तव्य, अधिकार, आयोजनाको वारेमा जानकारी, व्यवस्थापकीय सिपहरु आदिका वारेमा छलफल भएको थियो । यसका साथ साथै व्यक्तिगत तथा संस्थागत सम्वन्ध र सहकार्यलाई कसरी दीगो र सवल वनाउने र जीवनमा कसरी खुशी र स्वस्थ्य रहने भन्ने विषयहरुमा समेत विभिन्न खेलहरु तथा अडियो भिडियोहरुको माध्ययमवाट जानकारी गराइएको थियो । तालिम कार्यक्रमलाई आयोजनाका सिनियर एसोसिएसन अर्गनाइजर मिन बहादुर थापाले संयोजन गर्नु भएको थियो ।





२) **प्रयोगशाला स्थापना:** यस आयोजनाले निर्माण क्रियाकलापहरुलाई व्यवस्थित रुपमा संचालन गर्न तथा कार्यको गुणस्तर सुनिश्चित गर्न प्रयोगशालाको स्थापना गरेको छ । यस प्रयोगशालामा कंक्रिटको Compressive test तथा माटोको Compaction test, Zinc Coating Test आदि को परिक्षण गर्न सकिन्छ । यस प्रयोगशालालाई आगामि दिनहरुमा अझै व्यापक र व्यवस्थित वनाउदै लैजाने योजना रहेको छ ।






३) **सिंचाइ दिवस कार्यक्रम:** चैत्र २५ गतेका दिन लमही स्थित सिंचाइसंग सम्वन्धित कार्यालयहरुको संयुक्त आयोजनामा सिंचाइ दिवस कार्यक्रम मनाइएको थियो । कार्यक्रममा प्रगन्ना तथा बड्कापथ सिंचाइ प्रणालीको लाभान्वित कृषकहरु, समितिका पदाधिकारीहरु, निर्माण व्यावसायीहरु, कर्मचारीहरु एवं सर्वसाधारणहरुको उल्लेख्य सहभागिता रहेको थियो ।






कार्यक्रम अन्तर्गत विहान ७:३० बजे लमही वजारमा प्रभात-फेरी गरिएको थियो भने त्यस पछि आयोजनाको कार्यलयको प्राङगणमा सानो सभा आयोजना गरिएको थियो । आयोजना प्रमुखको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा व्यवस्थापन डिभिजनका प्रमुख, प्रगन्ना सिंचाइ प्रणाली तथा बड्कापथ सिंचाइ प्रणालीका उपभोक्ता संस्थाका अध्यक्षहरु लगायतले आफ्नो मन्तव्य राख्नु भएको थियो ।

४) **प्राविधिक अध्ययन तथा प्रतिवेदन तयारीका कार्यहरुः** यस आ. व.मा आयोजनाले बड्कापथ सिंचाइ योजनाको इनटेकमा गेट जडानको लागि अध्ययन गराइ प्रतिवेदन तयार गराएको छ भने विभाग मार्फत मुल नहरमा सेटलिङ्ग वेसिनको निर्माणको लागि समेत अध्ययन गराएको छ। यसका साथै, बनभुस्री संरक्षणकार्य अन्तर्गत करिव दुइ कि. मि. लामो तटवन्ध निर्माणको कार्यको समेत अध्ययन गराइ स्विकृत समेत भइसकेको छ । सवै भन्दा महत्वपूर्ण कुरा त बड्कापथ सिंचाइ आयोजनाको आठ बर्ष पुरानो डि. पि. आर. लाइ अध्यवधिक गराइ सोको विभागवाट समेत स्विकृत भइसकेको अवस्था छ। अव बड्कापथ तर्फ चेनेज ७+३०० देखि अगाडिको क्षेत्रमा विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गर्ने कार्यक्रम रहेको छ। यसै गरी प्रगन्ना तर्फ कमाण्ड क्षेत्र संरक्षणको लागि बगरापुर देखि बलरामपुर सम्म करिव १०.५ कि.मि. लम्वाइमा तटवन्ध निर्माणको लागि अध्ययन गरी प्रतिवेदन तयार गरेर विभागमा स्विकृतिको लागि पेश भइ सकेको छ।

### यस आ.ब.मा अध्ययन गरी कार्यान्वयन प्रकृयामा गएका निर्माण कार्यहरु

| क्र.सं. | कार्यहरुको विवरण | स्विकृत ल. इ. रकम रु. | स्विकृत मिति | मुख्य निर्माण कार्यहरु | कार्यन्वयन अवस्था |
|---|---|---|---|---|---|
| १ | सेटलिङ्ग वेसिन कार्य (प्याकेज 9) | 93,213,631 | 2076/12/24 | सेटलिङ्ग वेसिन निर्माण र संरक्षण कार्य | ठेक्का सम्झौता भएको |
| २ | इनटेक गेट कार्य (प्याकेज 10) | 29,011,852 | 2076/01/15 | इनटेक गेट, Trash Rack, इस्केप गेट २ | टेण्डर पुनः अव्हान भएको |
| ३ | वनभुसि संरक्षण कार्य (प्याकेज 11) | 198,389,600 | 2076/01/12 | बुढी खोला देखि प्रसम्पुरे खोला सम्म २ कि.मि. तटवन्ध निर्माण कार्य | टेण्डर पुनः अव्हान भएको |
| ४ | डिपिआर अध्यावधिक गर्ने कार्य | 3,767,454,000 | 2076/02/12 | बड्कापथ सिंचाइ योजना, सम्पुर्ण कार्यहरू | बहुबर्षिय ठेक्का र बजेट सुनिश्चितताको लागी फाइल बढाइएको |
| ५ | प्रगन्नना संरक्षण कार्य | 1,372,942,000 | | बगरापुर देखी बलरामपुर सम्म 10.5 कि.मि. तटवन्ध निर्माण कार्य | बिभागमा स्विकृतिको प्रकृयामा रहेको |

५) **ठेक्का पट्टाको अवस्था :** यस आ.ब.मा विगत देखि नै संचालनमा रहेका ५ वटा ठेक्काहरुमा कार्य सम्पन्न गराइ फाइलन गरिएको छ । आयोजनाको महत्वपुर्ण संरचना इनटेक निर्माणको काम विगत ७ बर्ष देखि रुग्ण ठेक्काको रुपमा रहेको थियो। यो काम यसै आ.ब.मा सम्पन्न भएको छ। समग्रमा नहर तथा संरचना निर्माण तर्फ प्याकेज १, प्याकेज २ र प्याकेज ८ गरी ३ वटा ठेक्काहरु सम्पन्न भएका छन् भने संरक्षण कार्य तर्फ प्याकेज ५ र प्याकेज ७ अन्तर्गतका ठेक्काहरु सम्पन्न भएका छन्।

### यस आ.ब.मा सम्पन्न भएका ठेक्काहरुको विवरण

| क्र.सं. | ठेक्का विवरण | सम्झौता मिति | प्याकेज नं. | मुख्य निर्माण कार्य र उपलव्धीहरू | कुल खर्च रु. |
|---|---|---|---|---|---|
| १ | इनटेक निर्माण कार्य | 068/69 | प्याकेज १ | इनटेक निर्माण, व्यारेल 60 मि र संरक्षण कार्य | 9,27,08,786 |
| २ | नहर तथा संरचना निर्माण | 072/73 | प्याकेज २ | मुल नहर ब्यारेल निर्माण 170मी., खुला लाइनिङ्ग 591मी., संरचना भि.आर. वि. 5, क्रस ड्रेनेज कार्य 6 वटा | 10,55,58,830 |
| ३ | भालुवा संरक्षण कार्य | 072/73 | प्याकेज 5 | भर्टिकल रिभेटमेन्ट 1.2 कि. मी., | 2,52,58,436 |
| ४ | मलमला संरक्षण कार्य | 073/74 | प्याकेज 7 | तटवन्ध निर्माण 1.5 कि. मी. | 7,50,47,345 |
| ५ | नहर तथा व्यारेल निर्माण कार्य | 075/76 | प्याकेज 8 | ब्यारेल निर्माण 4२२ मि., ड्रेन क्रसिङ 62 मी., संरक्षण कार्य | 9,51,69,317 |

यस आ.ब.मा सेटलिङ्ग वेसिन निर्माण कार्यको ठेक्का लगाइ स्विकृत समेत भइसकेको छ भने इनटेकको गेट निर्माण तथा वनभुस्री संरक्षण कार्यको पहिलो पटक टेण्डर प्रकासन भइ मुल्यांकनको क्रममा कुनै पनि बोलपत्रदाताहरु सफल नभएकाले पुनः टेण्डर सुचना प्रकासन गरिसकिएको छ ।

**६) रुख कटान तथा जग्गा भोगाधिकार स्विकृतिः** यस आयोजनाको दाङ खण्डको निर्माण कार्यमा रुख कटान तथा जग्गा भोगाधिकार स्विकृति प्राप्त नहुँदा ४ नं प्याकेजको ठेक्का अन्तर्गतको निर्माण कार्य प्रभावित हुन पुगेको थियो । विगत दुइ बर्ष अघि देखि प्रकृया शुरु भएको भएता पनि १४ वटा सामुदायिक वनहरु, लामो प्रसाशनिक प्रकृया तथा अर्न्तनिकाय समन्वय गर्नु पर्ने भएको हुँदा स्विकृति प्राप्त हुन धेरै समय लागि रहेको थियो । हाल २०७६/२/१० को मन्त्रिपरिषद्को निर्णय, २०७६/२/१५ को वन तथा भुसंरक्षण विभागसंगको सम्झौता तथा २०७६/०३/१३ को वन डिभिजन संगको सम्झौता पश्चात् रुख कटानको कार्य शुरु भएको छ ।





**७) भालुवाङ स्थित महेन्द्र राजमार्ग क्रसिङ कार्य:** बड्कापथ सिंचाइ आयोजनाको मुल नहरले भालुवाङ स्थित महेन्द्र राजमार्गलाइ क्रसिङ गर्दछ । बिगत तीन वर्ष देखि नै यस कार्यको लागि ठेक्का लगाइ सकिएको भएता पनि सडक विभागवाट स्विकृति लिनु पर्ने, सडकमा ट्राफिक डाइभर्सनको जटिलता, पुलको निकटता, स्थानीय जग्गावाला उपभोक्ताहरुको माग आदि विभिन्न कारणहरुले गर्दा यस स्थानमा काम हुन सकेको थिएन । हाल उक्त स्थानमा नहर निर्माण भइ पानि संचालन हुने अवस्था भइसकेको छ ।





## ८) भौतिक प्रगति तथा उपलव्धीहरु

यस आयोजनाले यस आ.व.मा निम्न बमोजिमका प्रमुख भौतिक प्रगतिहरु गरेको छ ।

### बडकापथ सिंचाइ योजनातर्फ (आ.ब.०७५/७६)

- इनटेक निर्माण सम्पन्न
- मुल नहर निर्माण कार्य: १५०० मी.
- नहर लाइनिङ्ग कार्य: ८८४ मी.
- नहर संरचना निर्माण : ७ गोटा
- तटवन्ध निर्माण : ९०० मी.
- उपलव्धी :३४ हे जमिन उकास तथा संरक्षण

### बडकापथ सिंचाइ योजनातर्फको अध्यावधिक भौतिक प्रगति ( आ.ब.०७५/७६ सम्म)

| SN | Name of Structure | Unit | Up to Date Quantity | Up to Previous Year Quantity | This Year Quantity 75/76 |
|---|---|---|---|---|---|
| 1 | Intake | No | 1 | 0.7 | 0.3 |
| 2 | Highway Crossing | No | 1 | 0 | 1 |
| 3 | Settling Basin | No | | | |
| 4 | Superpassage | No | 6 | 6 | 0 |
| 5 | Escape | No | 1 | 0 | 1 |

| SN | Name of Structure | Unit | Up to Date Quantity | Up to Previous Year Quantity | This Year Quantity 75/76 |
|---|---|---|---|---|---|
| 6 | VRB | No | 11 | 8 | 3 |
| 7 | Drainage Syphon | No | 2 | 1 | 1 |
| 8 | Drainage aqueduct | No | 1 | 1 | |
| 9 | Hume pipe CD | No | 6 | 5 | 1 |
| 10 | RCC Barrel | m | 1083 | 339 | 744 |
| 11 | Open Lining | m | 4120 | 4080 | 40 |
| 12 | Earthen Canal Construction | m | 720 | 0 | 720 |
| 13 | Command Area Protection (Embankment) | m | 1500 | 600 | 900 |









## प्रगन्ना कुलो सिंचाइ प्रणालीतर्फ

- नहर लाइनिङ्ग कार्य: ८३० मी.
- तटवन्ध निर्माण : ५०० मी
- नहर संचालन तथा मर्मत सम्भार

यस आर्थिक बर्षमा यस आयोजनाले रु २८ करोड ९ लाख पुँजिगत खर्च गरी बार्षिक लक्षको ९७.६ प्रतिशत आर्थिक प्रगति गरेको छ भने बार्षिक लक्षित भौतिक क्रियाकलापहरुको ९९.९ प्रतिशत प्रगति गर्न सफल भएको छ ।

## ९) बेरुजू फर्छ्यौट तर्फको प्रगति

| क्र.स. | वेरुजुको प्रकार | ०७४ असार सम्मको वाँकी वेरुजु | यस आ. ब. 075/76 मा फर्छैट भएको बेरुजु | फर्छैट गर्न बाकी बेरुजु |
|---|---|---|---|---|
| १ | नियमित गर्नुपर्ने | 18399641 | 1650465 | 16749176 |
| २ | असुल गर्नुपर्ने | 10260595 | 9373130 | 887465.45 |
| ३ | मोविलाइजेसन पेस्की | 28040892 | 18760892 | 9280000 |
| | **जम्मा** | **56701129** | **29784487** | **26916641** |
| | **प्रतिशत** | | **52.5%** | |

## १०) आयोजनाले भोगेका समस्या र समाधानको प्रयासहरुः

**क) नदी जन्य निर्माण सामाग्रीको अभावः** नदीजन्य निर्माण सामाग्रीहरु विना रोकावट निर्माण कार्य ढुक्क संग गर्न सकिने अवस्था छैन । बर्षात्को समयमा उत्खनन वन्द हुने, त्यस पछि स्थानीय तहले ठेक्का लगाउन धेरै समय लाग्ने, अनुमति लिनुपर्ने, विभिन्न निकायहरु जस्तोको स्थानीय तह, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन, सुरक्षा निकाय आदि संग निरन्तर समन्वय गर्नु पर्ने, पत्रकारहरुले पनि विकास निर्माणको कार्यलाई राम्रोसंग नवुझि नदी दोहनको रटान गर्ने आदि विभिन्न कारणहरुले वेलावेलामा निर्माण समाग्री अभावले गर्दा निर्माण कार्य रोकिने अवस्था श्रृजना भएका छन । यस समस्यालाई समाधान गर्न आयोजनाले निर्माण व्यावसायी तथा जिल्ला स्थित सरोकारवाला निकायहरुसंग समन्वय र आवश्यक सहजीकरण गर्दै आएको छ ।

**ख) निर्माण स्थलका समस्याहरुः** नहर र संरचना निर्माण होस् या कमाण्ड क्षेत्र संरक्षणको लागि तटवन्ध निर्माणको कार्यहोस, स्थानीय जग्गावाल उपभोक्ताहरुवाट केहि न केहि माग राख्नु अस्वभाविक त होइन तर यस कारणले गर्दा एकातिर निर्माण कार्यको प्रगतिमा वाधा पर्दछ भने अर्को तिर प्राविधिक जनशक्तिले आफ्नो महत्वपुर्ण समयलाई प्राविधिक काममा नलगाइ सामाजिक कामहरुमा लगाउनु पर्नेहुन्छ । यसले गर्दा आयोजनाको समग्र गुणस्तरमा नै प्रतिकुल असर पर्न जान्छ । उपभोक्ता संस्थाको नेतृत्व सवल र सशक्त हुन नसकेमा यस्ता सामाजिक सवालहरुको कारणले गर्दा आयोजनाको प्रगति अघि वढ्न सक्दैन । आयोजनाले यस्ता समस्याहरुमा जलउपभोक्ता संस्था, स्थानीय तह तथा आवश्यकतानुसार माननीय सांसदहरु संग समेत सम्पर्क र समन्वय गरी निर्माण कार्यलाई अगाडि वढाउदै आइरहेको छ ।





**ग) न्युन वजेटः** आयोजनाहरुको लागतको तुलनामा विनियोजित बजेट अत्यन्त न्युन रहेको छ । सम्झौता भइ सकेका ठेक्काहरुलाई सम्पन्न गरी थप ठेक्काहरु लगाइ आयोजना सम्पन्न गर्नु पर्नेमा चालु ठेक्काको रकम भुक्तानी गर्न समेत अपुग हुने बजेट विनियोजनले गर्दा निर्माण कार्यको प्रगति आशातित अघि बढ्न सकेको छैन । बजेट विनियोजनको यहि क्रमले निरन्तरता पाउने हो भने यी योजनाहरु सम्पन्न गर्न अझै कम्तिमा पनि २०/२५ वर्ष लाग्ने देखिन्छ ।

**घ) निर्माण व्यावसायीको प्रतिवद्धता र जवाफदेहितामा कमिः** आयोजनाको ठेक्का लागिसकेको निर्माण कार्यको प्रगति निर्माण व्यावसायीको कार्य सम्पादन स्तरमा निर्भर रहन्छ । कतिपय निर्माण व्यावसायीहरुले अनेका समस्याहरुका वावजुत पनि तोकिएको समयमा नै वा अझ तोकिएको समयावधी भन्दा पनि अगावै निर्माण कार्य सम्पन्न गरेका छन् भने कतिपय निर्माण व्यावसायीहरु भने यो वा त्यो बहाना देखाउदै अल्झेर बसिरहेका छन् । यस्ता प्रगति कम भएका ठेक्काहरुमा प्राविधिक तथा सामाजिक समस्याहरु बढ्दै जाने अवस्था देखिएको छ । आयोजनाका प्राविधिकहरुले धेरै भन्दा धेरै समय यस्ता रुग्ण ठेक्काहरुलाई ताकेता गर्न र यी ठेक्काले निम्त्याएका समस्याहरुको समाधान गर्नमा खर्चनु परेको अवस्था रहेको छ ।

✦✦✦